# प्रहरी सहायक निरीक्षक (जनपद) पदको लिखित परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना !!!

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ रिक्त **प्रहरी सहायक निरीक्षक** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्न नेपाल प्रहरी प्रधान कार्यालयबाट मिति २०८०/०७/०३ गते प्रकाशित विज्ञापन अनुसार **विस्तृत स्वास्थ्य परीक्षणमा** उत्तीर्ण भएका उम्मेदवारहरूको **लोक सेवा आयोगद्वारा निम्न तालिका बमोजिम लिखित परीक्षा सञ्चालन** हुने व्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै **लिखित परीक्षाको परीक्षा केन्द्र सम्बन्धी सूचना** लोक सेवा आयोगबाट प्राप्त भए पश्चात् नेपाल प्रहरीको वेभसाईट ***www.nepalpolice.gov.np*** मा प्रकाशन गरिने व्यहोरा समेत जानकारीको लागि सूचित गरिन्छ।

**निम्न:-**

# प्रहरी सहायक निरीक्षक पदको परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | श्री नेपाल प्रहरी | विज्ञापन प्रकाशित मितिः | २०८०/०७/०३ | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०८०/१०/२६ |
|---|---|---|---|---|---|

**नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार प्रहरी सहायक निरीक्षक (जनपद) पदको खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक **लिखित परीक्षा कार्यक्रम** देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान | पेशागत व्यवहारिक परीक्षण | | |
| १ | ०२ (०८०/८१) | खुला तथा समावेशी | प्रहरी सहायक निरीक्षक (जनपद) | २०८० चैत्र १५ गते दिनको २:०० बजे (५० मिनेट) | २०८० चैत्र १६ गते दिनको २:०० बजे (२ घण्टा ३० मिनेट) | २०८० चैत्र १७ गते दिनको २:०० बजे (२ घण्टा १५ मिनेट) | २०८० चैत्र १७ गते दिनको ४:२५ बजे (४५ मिनेट) | ११२७५ | लोक सेवा आयोगको परीक्षा सञ्चालन गर्ने कार्यालयले तोके बमोजिम हुनेछ । |

## प्रहरी सहायक निरीक्षक पदको लिखित परीक्षा सञ्चालन गर्ने आयोगका कार्यालयहरु

| क्र.सं. | दरखास्त फाराम बुझाएको क्षेत्र | परीक्षा संचालन गर्ने कार्यालय | परीक्षार्थी संख्या |
|---|---|---|---|
| १ | कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर, मोरङ, फोन नं. ९८५२०९०१८० | धनकुटा कार्यालय | **१५९८** |
| २ | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर, (हाल सम्पर्क कार्यालय : राजविराज, सप्तरी), फोन नं. ९८५४०९०६०० | जलेश्वर कार्यालय | **१३७०** |
| ३ | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली, सिन्धुली, फोन नं. ९८५४०४१७३३ | हेटौंडा कार्यालय | **५४१** |
| ४ | काठमाडौं उपत्यका प्रहरी शिक्षालय, महाराजगञ्ज, काठमाडौं, फोन नं. ०१-४००३०४० | काठमाडौं कार्यालय | **३४४१** |
| ५ | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा, कास्की, ९८५६०६८१२१ | पोखरा कार्यालय | **७२४** |
| ६ | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटबल, रुपन्देही, ९८५७०९०४४४ | बुटवल कार्यालय | **१७२५** |
| ७ | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगंज, बाँके), ९८५८०९०११५ | सुर्खेत कार्यालय | **१३६८** |
| ८ | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल, डोटी, ९८५८४९००८४ | दिपायल कार्यालय | **५०८** |

**द्रष्टब्यः**

| |
|---|
| १. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ । |
| २. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ । |
| ३. परीक्षा भवनमा **मोबाइल फोन निषेध** गरिएको छ । |
| ४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन । |
| ५. वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको **२०% अङ्क** कट्टा हुनेछ । |
| ६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ । |
| ७. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो **नागरिकता** वा **नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनु पर्नेछ । |
| ८. नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्णयहरु तथा आयोगबाट जारी हुने **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित)** को पालना गरी परीक्षा सञ्चालन हुनेछ । |

| प्रहरी सहायक निरीक्षक पदको तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ । | |
|---|---|
| १ | **पेशागत अभिवृत्ति परीक्षण (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त खण्ड क को उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा खण्ड ख को प्रश्नपत्र सहितको उत्तरपुस्तिका वितरण हुनेछ र उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ ।** |
| २ | **खण्ड क को परीक्षा समाप्त भएपश्चात दिईएको १० मिनेट भित्र निर्देशन पढ्ने र विवरण भर्ने कार्य गर्नु पर्नेछ र परीक्षा शुरु गर्ने संकेत घण्टी नलागेसम्म उक्त बाहिरी पेज बाहेक अन्य पाना हेर्न, पल्टाउन वा अध्ययन गर्न पाईने छैन ।** |
| ३ | **परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिच्ने लगायतका कार्य गर्न गराउन पाइने छैन ।** |
| ४ | **प्रहरी सहायक निरीक्षक पदको लागि Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ । यसको लागि परीक्षार्थीहरुलाई प्रश्नको समाधान गर्न प्रत्येक प्रश्नको लागि निर्दिष्ट पाना उपलब्ध हुनेछ । दिइएको स्थान अपुग भएमा सो पानाको पछाडी रहेको खाली भाग समेत उपयोग गर्न सकिने छ।** |
| ५ | **उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन, उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।** |
| ६ | **परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ ।** |

राजु सत्याल
शाखा अधिकृत

युवराज पोखरेल
उपसचिव

**मितिः- २०८०/११/०४ गते ।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल


**नेपाल प्रहरी प्रधान कार्यालय**

मानवश्रोत विकास विभाग

वृत्ति विकास महाशाखा

भर्ना छनौट शाखा

नक्साल, काठमाडौं ।

०१-४४१४९०६